बैठक संख्या: २।२०८२-२०८३
बैठक मिति:२०८२।०४।१३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०४।१३ गते मंगलबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रौनियार | का.वा. वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री सिता ढुङ्गेल फुयाल | का.वा. वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री वासुदेव माझी | का.वा.वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: २।२०८२-२०८३
बैठक मिति:२०८२।०४।१३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सन्दिप झा | इन्जिनियर | |
| २ | श्री दुर्गेश विश्वकर्मा | प्रशासन शाखा प्रमुख | (हस्ताक्षर) |
| ३ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | (हस्ताक्षर) |
| ४ | श्री निरुप चौधरी | स.क.अ. | (हस्ताक्षर) |
| | | | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १: दर रेट निर्धारण सम्बन्धमा ।

२. प्रस्ताव नं. २: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

आर्थिक वर्ष २०८२/०८३ का लागि सुनसरी जिल्लाबाट पारित गरिएको जिल्ला दररेटलाई यस नगरपालिकाको स्थानीय दररेटका रूपमा स्वीकृति गर्ने निर्णय गरियो । साथै सुनसरी जिल्लाको दररेटमा समावेश नभएका सामग्रीहरूका हकमा मोरङ जिल्लाको दररेटलाई आधार मान्ने निर्णय गरियो ।

**निर्णय नं.२(क)**

ठेक्का नं RMY/NCB/२९/०८१/०८२ Supply Delivery and Installation of Digital X-Ray ५००mA with DR System निर्माण कार्यको लागि जम्मा ३ (तीन) थान बोलपत्र दर्ता हुन आएको र श्री प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र, कोशी प्रदेश विराटनगरका बायोमेडिकल ईन्जिनियर श्री कुशल दाहालले पूर्णताको परीक्षण गर्दा ३(तीन) थान बोलपत्रहरु मध्ये सबै भन्दा बढी कवोल अंक भएको M.B. Meditech Pvt.Ltd. , Itahari,Sunsari ले पेश गरेको बोलपत्रलाई प्रभावग्राही (Comply) र सबैभन्दा कम कवोल अंक भएको Labtech Enterprises Pvt.Ltd.,Biratnagar,Morang र दोस्रो कवोल अंक भएको Life Line Drop Pvt.Ltd.,Mahalaxmi-४,Lalitpur दुई बोलपत्रहरुलाई अ-प्रभावग्राही (Not-Comply) भनी मिति:२०८२/०२/०४ मा लेखी पठाएको मा सार्वजनिक खरिद ऐन,२०६३ ले सबैभन्दा कम कवोल अंकलाई मूल्यांकन गरी छनौट गर्दा Labtech Enterprises



CamScanner

Pvt.Ltd.,Biratnagar,Morang ले पेश गरेको बोलपत्रलाई छनौट गर्नु पर्ने अवस्था रहेको तर प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र, कोशी प्रदेश बिराटनगरका बायोमेडिकल ईन्जिनियर श्री कुशल दाहालले पेश गरेको जवाफ बमोजिम छनौट गर्दा M.B. Meditech Pvt.Ltd. , Itahari,Sunsari लाई छनौट गर्नु पर्ने अवस्था देखिएकोमा सवै भन्दा बढी अंक कवोल गर्ने M.B. Meditech Pvt.Ltd. , Itahari,Sunsari लाई छनौट गर्दा न्यूनतम कवोल गर्ने भन्दा रु ११,५३,२११.९९(अक्षेरेपी एघार लाख त्रिपन्न हजार दुई सय एघार रुपयाँ पैसा उनान्सय मात्र) बढी रकम रामधुनी नगरपालिकालाई व्ययभार पर्ने देखिएकाले थप छलफल गरी उपयुक्त निर्णय लिन रामधुनी नगरपालिकाको मूल्यांकन समितिले अनुरोध गरेकोमा उक्त बोलपत्रहरुलाई अध्ययन गर्दा न्यूनतम अंक कवोल गर्ने बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्रमा स्पेशीफिकेशन बमोजिमका सामानहरु उपलब्ध गराउछु भनि उल्लेख गरेको भए पनि प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र, कोशी प्रदेश बिराटनगरका बायोमेडिकल ईन्जिनियरबाट दिएको जवाफमा उक्त न्यूनतम अंक कवोल गर्ने वोलपत्रदातालाई छनौट नगरेको र उच्चतम अंक कबोल गर्ने बोलपत्रदातालाई छनौट गरेकोले उच्चतम अंक कवोल गर्ने बोलपत्रदातालाई छनौट गर्दा नगरपालिकाले थप रकम रु ११,५३,२११.९९(अक्षेरेपी एघार लाख त्रिपन्न हजार दुई सय एघार रुपयाँ पैसा उनान्सय मात्र) थप आर्थिक भएको पर्ने भएको र उक्त व्यायभार अश्वभाविक देखिएकाले उक्त बोलपत्र रद्द गरी पुनः बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.२(ख)</u>

रामधुनी न.पा. वडा नं. १ मा रहेको झुम्का आधारभुत अस्पतालमा बर्थिङ सेन्टर, ईमर्जेन्सी लगायत अन्यसेवाहरू थप प्रदान गर्नका लागि तपसिलका जनसक्तिहरु करार सेवामा पद पूर्ति गर्नका लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपसिलः

| क्र.स | पद | संख्या |
|---|---|---|
| १ | मेडिकल अधिकृत (आठौं) | १ |
| २ | BMLT (सातौं) | १ |
| ३ | ल्याव टेक्निसियन (पाचौं) | १ |
| ४ | रेडियोग्राफर (सहायक पाँचौं) | १ |
| ५ | हे.अ (पाचौं) | २ (दुई) |
| ६ | स्टाफ नर्स (पाचौं) | ३ (तिन) |
| ७ | फार्मेसी सहायक (पाचौं) | १ |

| | | |
|---|---|---|
| ८ | फिजियोथेरापी सहायक (पाचौं) | १ |

**निर्णय नं.२(ग)**

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वासनीयता, भेदभाव रहित प्रतिस्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड को छ को (१०) ले दिएको अधिकार प्रयोग गरी रामधुनी नगरपालिकाले यो घ वर्गको निर्माण इजाजत पत्र सम्वन्धी कार्यविधि,२०८२ स्विकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.२(घ)**

यस कार्यालयको आन्तरिक श्रोतबाट गरिने इन्धन खर्चलाई अधिकत्तम मितव्यियता अपनाई खर्च गर्न आ.व. २०८२/८३ मा तपसिल बमोजिम इन्धन खर्च आपदण्ड २०८२ स्वकित गरि कार्यवन्यन गर्ने गराउने निर्णय गरियो ।

तपसिल

१. कार्यालयको नाममा दर्ता कायम रहेको चार पाङ्ग्रे सवारी साघनहरुका लागि अनिवार्य लगवुक भराउने र लगवुकको आधारमा आवश्यक इन्धन गराउने ।

२. रामधुनी नगर कार्यपालिकाको कार्यालय वा वडा कार्यालयहरुमा कार्यरत कर्मचारिलाई सरकारी सवारी वा निजि सवारी प्रयोग गरेवापत मासिक रूपमा देहाय वमोजिम इन्धन उपलब्ध गराउने ।

देहायः-

(क) रामधुनी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीलाई -

- इन्जिनियर -१५लि.
- सव-इन्जिनियर - १३लि.
- अमिन - १५ लि.
- शाखा प्रमुख - १२ लि.
- अन्य कर्मचारी - ७ लि.

(ख) वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई

- सव-इन्जिनियर १३
- वडा सचिव - १२ लि.
- अन्य कर्मचारी - ७ लि.

३) बुदा नं. २ बमोजिमको इन्धन सुविधा लिन कर्मचारीहरुले देहायको शर्त पुरा गरेको हुनु पर्ने छ। अन्यथा उक्त सुविधा लिन पाइनेछैन ।

देहायः

क. कर्माचारीले कार्यलय आउदा वा फिल्ड जादा सरकारी वा निजि सवारी साधन अनिवार्य रुपमा प्रयोग गरेको हुनु पर्ने छ ।

ख. आफुले प्रयोग गर्ने सवारी साधनको बिल बुक ( आफ्नौ नामको वा एका सगोलको घर परिवारको नाममा) प्रतिलिपि र अनिवार्य रुपमा सवारी चालक अनुमति पत्र को प्रतिलिपि कार्यलयमा पेश गर्नु पर्ने छ ।

ग. सरकारी दुई पाङ्ग्रे सवारी साधन प्रयोग गर्नेको हकमा चालक अनुमति पत्र मात्र बुझाउनु पर्ने छ।

घ. नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुले नगरपालिका बाट र वडा कार्यालयमा कार्यरत कर्मचारीले सम्वन्धित वडा कार्यलयवाट उक्त इन्धन सुविधा पाउने ।

ङ. दोहोरो हुनेगरि इन्धन सुविधा लिन पाउने छौन ।

च. माग फारमबाट कुनै किसिमको इन्धन लिन पाउने छैन तर प्र.प्र.अ. लाई थप इन्धन दिन आवश्यक छ भने यकिन भएमा माग बमोजिम माग फारम स्वीकृत गरि दिन सकिनेछ ।

छ. एक महिनाको इन्धन सुविधा लिइसकेको पछि अर्को महिनाको इन्धन सुविधा लिदा पछिलो महिनाको लग बुक बुझाउनु पर्ने छ ।

४) वडा कार्यालयमा आउने अतिथि तथा संघ संस्थाहरुले उपयुक्त कारण सहित इन्धन माग गरेमा वडा अध्यक्षले आवश्यक प्रयोजन हो, होइन ? यकिन गरि एक पटकका लागि २० लि. सम्म प्रयोजन खुलाई माग फारम स्वीकृत गरि दिन सकिने छ ।

५) वडा कार्यालयको क्षेत्र भित्र रहेको प्रहरी चौकीहरुलाई वडा कार्यलयको निर्णय वमोजिम मासिक रुपमा अधिक्तम १० लि. दिन सकिने छ ।

६) रामधुनी नगर कार्यपालिकाको कार्यालयमा आउने अतिथि तथा संघ संस्थाहरुले उपयुक्त कारण सहित इन्धन माग गरेमा नगर प्रमुख/ उप प्रमुख वा प्र.प्र.अ. ले आवश्यक प्रयोजन हो, होइन ? यकिन गरि एक पटकका लागि ३० लि. सम्म प्रयोजन खुलाई माग फारम स्वीकृत गरि दिन सकिने छ ।

७) इलाका प्रहरी कार्यालयलाई नगर क्षेत्र भित्र शान्ति सुरक्षा कायम गर्न गस्ती गर्दा मासिक रुपमा अधिक्तम ३० लि. इन्धन उपलव्ध गराइने छ।

८) माथि उल्लेखित वाहेक कुनैपनि प्रकारको इन्धन सुविधा यस पालिका र वडा कार्यलयहरुवाट उपलव्ध गराइने छैन तर उपयुक्त कारण सहित नगर कार्यपालिकाको वैठक तथा नगर सभा वाट इन्धन उपलव्ध गराउने निर्णय भएमा निर्णय वमोजिम इन्धन सुविधा दिन वाधा पर्ने छैन ।

निर्णय नं.२(घ)

रामधुनी न.पा. को कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र रहेको साविक भासि गाविसको नाममा रहेको विद्युत मिटरको वक्यैता रकम रू ७७,२८९।३८ पानी विजुली शिर्षकवाट भुक्तानी गरि नया मिटर जडान गर्ने निर्णय गरियो ।